# करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः-२०७७।११।२३

प्रमाणिकरण मितिः-२०७७।११।२३

**प्रस्तावना** : विद्यालय तहको रिक्त दरबन्दीमा शिक्षक सेवा आयोगबाट तत्काल स्थायी पदपूर्ति हुन नसकेको अवस्थामा विद्यालयको पठनपाठनमा उत्पन्न अवरोध हटाउने अभिप्रायले करार शिक्षक तथा कर्मचारी छनौट गर्ने कार्यमा एउटै समयमा एउटै प्रशनपत्रद्धारा एक भन्दा बढी विद्यालयको परिक्षा सञ्चालन गरी विदालयमा तत्कालिन मानवीय स्रोतको आवश्यकता पूरा गर्न स्थानीय तहको सहभागितामा शिक्षक तथा कर्मचारी छनौट प्रक्रिया थप व्यवस्थित, पारदर्शी, विश्वसनीय, मर्यादित र निष्पक्ष बनाउन विद्यालय व्यवस्थापन समितिको समेत सहभागिता रहने गरी विद्यालय तहमा करारमा शिक्षक तथा कर्मचारी छनौट कार्यमा आवश्यकतानुसार उपयोग गर्ने गरी प्रसौनी गाउँ कार्यपालिकाले करार शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि २०७७ तयार गरी लागू गरेको छ ।

## परिच्छेद १ - प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**- (१) यो कार्यविधिको नाम करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्वन्धी कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "गाउँपालिका" भन्नाले प्रसौनी गाउँपालिकालाई बुझ्नुपर्दछ ।

ख) "ऐन" भन्नाले प्रसौनी गाउँपालिकाको शिक्षा ऐन, २०७५ सम्झनुपर्दछ ।

ग) "अध्यक्ष" भन्नाले प्रसौनी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

घ) "उपाध्यक्ष" भन्नाले प्रसौनी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले प्रसौनी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

ङ) "गाउँ शिक्षा समिति" भन्नाले प्रसौनी गाउँपालिकाको शिक्षा समितिलाई सम्झनु पर्दछ ।

च) "शिक्षा शाखा" भन्नाले शैक्षिक प्रशासन शिक्षा शाखालाई सम्झनुपर्छ ।

छ) "शिक्षा अधिकृत" भन्नाले शैक्षिक प्रशासन शिक्षा शाखा शिक्षा प्रमुखको जिम्मेवारी सम्हालन तोकिएको कर्मचारी सम्झनुपर्छ ।

ज) "वडा अध्यक्ष" भन्नाले प्रसौनी गाउँपालिकाको वडाको अध्यक्षलाई सम्झनुपर्दछ ।

झ) "सदस्य सचिव" भन्नाले गाउँपालिकाको शिक्षा अधिकृत वा प्राविधिक सहायकलाई सम्झनु पर्दछ।

ञ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले ऐनको दफा २० बमोजिम गठन भएको समिति सम्झनुपर्छ ।

ट) "शिक्षक" भन्नाले स्वीकृत दरबन्दीका स्थायी, राहत अनुदान कोटा, करार र लियनमा कार्यरत शिक्षकलाई सम्झनु पर्दछ ।

ठ) "विशेषज्ञ" भन्नाले माध्यमिक र निम्न माध्यमिक तहको हकमा विषय विशेषज्ञ र प्राथमिक तहको हकमा गाउँपालिकामा सूचिकृत भएको विशेषज्ञ सम्झनु पर्दछ ।

ड) "प्रधानाध्यापक" भन्नाले सम्बन्धित विद्यालयको प्रधानाध्यापक वा प्रसौनी गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयका प्रधानाध्यापकलाई सम्झनु पर्दछ ।

ढ) प्राविधिक सहायक भन्नाले गाउँ कार्यपालिकाको कार्यालयको शिक्षा शाखामा कार्यरत प्राविधिक सहायकलाई सम्झनु पर्दछ ।

Bpaupt9

परिच्छेद २ - छनौट तथा सिफारिस प्रक्रिया:

३.) विद्यालय व्यवस्थापन समितिले रिक्त दरबन्दीको पदपूर्तिको लागि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित सम्बन्धित विद्यालयको प्रधानाध्यापकले रिक्त भएको तिन दिन भित्र अनुसूची -१ अनुसारको माग फारम भरी गाउँ कार्यपालिकाको कार्यालयको शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

४.) शिक्षा शाखाले गाउँ शिक्षा समितिमा अनुमतिका लागि पेश गर्नु पर्नेछ । गाउँ शिक्षा समितिले मागको आवश्यकता र औचित्यलाई समेत ध्यानमा राखी सम्भव भएसम्म कम्तिमा ३ दिन भित्र र बढीमा ७ दिन भित्र स्वीकृति दिने वा नदिने निर्णय दिई सक्नु पर्नेछ। विद्यालय व्यवस्थापन समितिको माग अस्वीकृत भएमा सोको जानकारी ३ दिन भित्र गाउँ शिक्षा समितिको सदस्य सचिवले सम्बन्धित विद्यालयलाई दिनु पर्नेछ । विद्यालय व्यवस्थापन समितिको माग स्वीकृत भएमा गाउँ शिक्षा समितिको सचिवले राष्ट्रिय दैनिकमा १५ दिने खुला विज्ञापन प्रकाशित गर्नुपर्नेछ । सो विज्ञापनको एक प्रति गाउँ कार्यपालिकाको कार्यालय, वेभसाइट, सम्बन्धित विद्यालय,सम्बन्धित वडा कार्यालय र स्थानीय सार्वजनिक स्थलमा टाँस गर्नुपर्नेछ ।

५.) <u>करार शिक्षक तथा कर्मचारी छनौट शिक्षा समितिका संयोजकको संरक्षकत्व वा साक्षी रोहबरमा देहाय अनुसारको एक छनौट तथा सिफारिस समिति रहनेछ ।</u>

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) गाउँ शिक्षा शाखा प्रमुख - सदस्य

ग)संयोजकले तोकेको गाँउपालिकामा कार्यरत कुनै अधिकृत स्तरको कर्मचारी एक जना - सदस्य

घ) शिक्षा शाखाको कर्मचारी वा प्रा.स. - सदस्य सचिव

ङ) यस समितिका अन्य सदस्य गाउँ शिक्षा समितिले तोके अनुसार हुनेछ ।

६) परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्न शिक्षा अधिकृत/प्र.प्र.अ. को संयोजकत्वमा सम्बन्धित विद्यालय वा परीक्षा सञ्चालन हुने परीक्षा केन्द्र रहेको विद्यालयको प्रधानाध्यापक सदस्य रहने गरी सम्बन्धित विषयको विषय विज्ञ सहित बढीमा ३ सदस्यीय परीक्षा सञ्चालन तथा व्यवस्थापन उपसमिति गठन गर्न सकिनेछ ।

७) आवेदकले विज्ञापनमा तोकेको दस्तुर बुझाई तोकिएको समयभित्र अनुसूची-२ बमोजिमको ढाँचामा दरखास्त शिक्षा शाखामा रीतपूर्वक आवेदन दिन सक्नेछ । परीक्षार्थीलाई शिक्षा शाखाले व्यक्तिगत विवरण सहित रोल नं. कायम गरी पासपोर्ट साईजको फोटो टाँसी प्रवेशपत्र उपलब्ध गराउनुपर्नेछ।

८) शैक्षिक योग्यता:- शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

९) परीक्षा मिति तोक्दा एक भन्दा बढी विद्यालयको तह र विषयको प्रकृति मिलेमा एकै मिति, समय र स्थानमा तोक्नुपर्नेछ । एकभन्दा बढी विद्यालयको परीक्षा सञ्चालन हुँदा उपलब्ध विज्ञहरुबाट उक्त परीक्षा सञ्चालनका सम्पूर्ण प्रक्रियाहरुमा सामूहिक सहभागिता रहनेछ ।

१०) छनौट समितिले छनौट कार्यलाई थप पारदर्शी जवाफदेही र प्रभावकारी बनाउन र स्थानीय वडाको समेत सहभागिता रहने गरी शिक्षा नियमावली २०७६ को नियम ५४ को (१) बमोजिमको शिक्षा छनौट समितिमा पर्यविक्षकको रुपमा सम्बन्धित वडाको वडाध्यक्षलाई आमन्त्रित गर्न सक्नेछ र शिक्षक छनौटको परीक्षा सम्बन्धी कामको लागि आवश्यक पर्ने कर्मचारी शिक्षा शाखाले व्यवस्थापन गर्नुपर्नेछ ।

११) परीक्षाको अनुगमन निरीक्षण गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र शिक्षा समिति तथा कार्यालयको अन्य पदाधिकारीबाट हुनेछ ।

Bpaupt9

CS CamScanner

१२) परीक्षाको गोपनियता र मर्यादालाई ख्याल गरी छनौट समितिले कम्तिमा तीन जना सम्बन्धित विषयविज्ञबाट शिक्षक सेवा आयोगले तोकेको पाठयक्रम बमोजिमको कच्चा प्रश्नपत्र र उत्तरकुञ्जिका तयार गरी कच्चा प्रश्नपत्र तयार गर्नेभन्दा बाहिरको कार्यालयको परीक्षा समितिले तोकेको एक जना सम्बन्धित विषयको विज्ञबाट शिक्षक सेवा आयोगले तोकेको पाठयक्रम बमोजिमको विषयवस्तुलाई अलग अलग शीर्षकमा विभाजन गरी तयार गरि गराएका प्रश्नहरुबाट समानुपातिक रुपमा समावेश हुने गरी तीन अलग अलग सेट प्रश्नपत्रको अन्तिम रुप तयार गरी गराई शिलबन्दी गर्नु गराउनु पर्नेछ । गाउँपालिकामा प्रश्नहरुको संगालो तयार भईसकेपछि परीक्षाकै दिन सो सेट मध्येका सोको प्रयोग गरी आगामी परीक्षा सञ्चालन गर्ने गराउने । यो कार्यविधि स्वीकृत भईसकेपछिको करार शिक्षक, स.का. र कर्मचारीको पदपूर्तिमा लागु हुनेछ । सोभन्दा अघिको पदपूर्ति यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

१३) परीक्षा सञ्चालन तथा व्यवस्थापन उपसमितिका संयोजकले उपसमितिका सदस्यहरुका रोहवरमा परीक्षार्थीहरुको संख्याको आधारमा कम्तिमा १ वटा बढीमा ५ वटा भन्दा नबढ्ने गरी प्रश्नपत्र छपाई आवश्यकता अनुसारका पोका तयार गरी शिलबन्दी गराउनु पर्नेछ र तोकिएको समयमा लिखित परीक्षा सञ्चालन गर्नु गराउनु पर्नेछ ।

१४) परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिले परीक्षा सञ्चालन गर्दा गराउँदा ४० जना सम्म परीक्षार्थीका लागि एक केन्द्र कायम गरी छनौट तथा सिफारिस समितिले तोकेको एक केन्द्राध्यक्ष, एक सहायक केन्द्राध्यक्ष, निरीक्षक २ जना, व्यवस्थापक १ जना र कार्यालय सहयोगी २ जना, एक परीक्षा स्थलका लागि आवश्यकता अनुसार सुरक्षाकर्मीहरुको एक समूह व्यवस्थापन गर्नुपर्नेछ ।

१५) लिखित परीक्षा समाप्त भएपछि परीक्षाको कुनै पनि कार्यमा संलग्न नभएको कर्मचारीद्वारा उत्तरपुस्तिका कोडिङ्ग गराई उपलब्ध विज्ञहरुको कम्तिमा २ जनाको एक समुह बनाई एउटा उत्तरपुस्तिका कम्तिमा २ विज्ञ समुहबाट परीक्षण गराउने ।

१) कुनै विज्ञ समूहबाट परीक्षण गर्दा एक उम्मेदवारको प्राप्ताङ्कमा १० (दश) प्रतिशत भन्दा बढी फरक परेमा तत्काल सोही समूहलाई पुनः परीक्षण गर्न लगाई प्राप्ताङ्कको औसत निकाली कोडिङ्ग गर्ने कर्मचारीलाई नै उत्तरपुस्तिका डिकोडिङ्ग गर्न लगाई नियमानुसार लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने र अन्तर्वार्ता सञ्चालन गर्ने जिम्मेवारी प्रसौनी गाउँपालिकाको शिक्षा नियमावलीको २०७६ को नियम ५४ को (१) बमोजिम छनौट समितिको हुनेछ ।

१६) कोडिङ डिकोडिङ गर्ने कर्मचारी बाहेकका सदस्यहरुले शिक्षक सेवा आयोगले तोकेको मापदण्ड अनुसार अन्तर्वार्ता सञ्चालन गरी प्राप्ताङ्कको औषत निकाली नतिजा छनौट समितिमा पेश गर्नु पर्नेछ ।

१७) छनौट तथा सिफारिस समितिले तोके बमोजिमको परीक्षा लिई लिखित परीक्षाको प्राप्ताङ्क, अन्तर्वार्ताको प्राप्ताङ्क र शैक्षिक योग्यता वापतको अङ्क समेतका आधारमा कोडिङ्ग डिकोडिङ्गको जिम्मेवारी लिएको कर्मचारीद्वारा अन्तिम नतिजा तयार गरी शिक्षक छनौट समितिमा पेश गर्ने र छनौट समितिले अन्तिम नतिजा प्रकाशन गरी सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई नियुक्तिका लागि परीक्षाको नतिजा सहित पठाउनु पर्नेछ । लिखित परीक्षाको नतिजा वर्णानुक्रम अनुसार र अन्तिम नतिजा योग्यताक्रमका आधारमा प्रकाशित गरिनेछ । सिफारिस गरिएको सम्बन्धित विद्यालयले सिफारिस लिएर आएकै दिन नियुक्ति दिई सोको जानकारी गाउँकार्यपालिकाको कार्यालय शिक्षा शाखालाई गराउनु पर्नेछ ।

१८) परीक्षार्थी संख्या २० जना भन्दा बढी भएमा र एकै दिनमा अन्तिम नतिजा प्रकाशित गर्न नसकिने भनी छनौट समितिले निर्णय गरेमा लिखित परीक्षाको उत्तरपुस्तिका नियमानुसार सिलबन्दी गरी शिक्षा अधिकृतको पूर्ण जिम्मेवारीमा सुरक्षित राख्नु पर्नेछ ।

१९) कुनै पनि विद्यालयमा निजी स्रोतबाट तलब भत्ता तथा सेवा सुविधा प्राप्त गर्ने बाहेक नेपाल सरकारको सुविधा प्राप्त स्थायी,राहत अनुदान कोटामा कार्यरत शिक्षकले समान तहमा आवेदन दिई परीक्षामा सामेल

CamScanner

हुन पाउने छैन तर कार्यरत विद्यालयबाट निजले आफ्नो राजीनामा स्वीकृत भएको प्रमाण पेश गरेमा परीक्षामा सामेल हुन बाधा पर्ने छैन ।

२०) कसैले दफा १६ को उल्लङ्घन गरी परीक्षामा सामेल भई उत्तीर्ण भएको प्रमाणित भएमा निजको सिफारिस बदर गरी वैकल्पिक उम्मेदवारलाई सिफारिस गरिनेछ ।

२१) यसरी सिफारिस गरिएका उम्मेदवारलाई गाउँकार्यपालिकाको सिफारिस लिई सम्बन्धित विद्यालयमा उपस्थित भएकै दिन विद्यालय व्यवस्थापन समितिले अनुसूची-३ को ढाँचामा नियुक्ति दिई पठनपाठनमा संलग्न गराउनु पर्नेछ र सोको जानकारी गाउँपालिकाको शिक्षा शाखामा गराउनु पर्नेछ ।

२२) विद्यालय व्यवस्थापन समितिले नियुक्ति दिई पठनपाठनमा संलग्न नगराएमा गाउँ कार्यपालिकाको कार्यालयबाट नियमानुसार नियुक्ति दिई पठनपाठनका लागि सम्बन्धित विद्यालयमा पठाइनेछ । निजलाई हाजिर गराई पठनपाठनमा संलग्न गराउने कर्तव्य सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ । तोकिएको समयभित्र विद्यालयमा हाजिर नगराएमा दरबन्दी सहित आवश्यकता अनुसार अन्य विद्यालयमा पठाउन सकिनेछ । यसबाट पर्न सक्ने हानी नोक्सानी तथा नकारात्मक गम्भीर असरप्रति पीडित शिक्षक कानुनी उपचार प्राप्त गर्न गराउन कुनै बाधा पर्ने छैन ।

२३) सिफारिस गरिएको उम्मेदवारले तोकिएको समयावधिभित्र नियुक्ति नबुझेमा वा नियुक्ति पाएको मितिले ६ महिनाभित्र राजिनामा दिएमा वा अन्य कारणले उक्त पद रिक्त भएमा छनौट समितिले अन्तिम नतिजा प्रकाशन गर्दा वैकल्पिक सूचिमा रहेको उम्मेदवारलाई योग्यताक्रमका आधारमा नियुक्ति दिनु पर्नेछ ।

२४) कुनै व्यक्तिले प्रश्नपत्रको गोपनियता भंग गरेको वा गर्न लगाएको, परीक्षाको परिणाम फेरबदल गरेको वा गर्न लगाएको, सम्बन्धित आवश्यक कागजात च्याते वा नष्ट गरे गराएको प्रमाणित भएमा प्रचलित ऐन नियमानुसार कारवाही हुनेछ ।

२५) करार शिक्षक, स.का. र कर्मचारी नियुक्ति सम्बन्धमा प्रचलित निति, नियम एवं निर्देशिका बमोजिम कुनै परिवर्तन भएमा सोही बमोजिम हुनेछ ।

२६) विद्यालयगत रुपमा भएको विज्ञापनको पदपूर्ति कार्य समाप्त भए पश्चात शिक्षा नियमावली २०७४ को नियम ५४ को (१) अनुसारको समितिले करारमा पदपूर्ति प्रयोजनका लागि शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम एवं यो कार्यविधि अन्तर्गत रहेर परीक्षा सञ्चालन गरी अस्थायी करार सूची प्रकाशन गर्न तर्फ नियमन गर्न सक्नेछ ।

२७) विद्यालयमा करार शिक्षक नियुक्ति, बाल विकास केन्द्रका स.का. तथा विद्यालयका कर्मचारी नियुक्ति सम्बन्धमा यस कार्य विधिमा उल्लेख भएका विषयहरुमा यसै अनुसार हुनेछ । उल्लेख गर्न छुट भएका विषयहरुका हकमा शिक्षक सेवा आयोगका स्थापित विधि तथा मान्यता अनुसार हुनेछन् ।

## परिच्छेद - ३ विशेषज्ञ सम्बन्धी व्यवस्था

२८. **विशेषज्ञ सूचीकरण प्रकृयाः-** १) दफा ११ बमोजिमको कार्य गर्न विशेषज्ञ हुन चाहने सम्बन्धित विषयका अवकाश प्राप्त वा कार्यरत स्थायी शिक्षकले गाउँपालिकाले सूचना प्रकाशित गरी तोकेको अवधिभित्र निवेदन दिनुपर्नेछ ।

२) उपदफा १ बमोजिम दरखास्त दिँदा निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु र निवेदन सहित प्राथमिक तहका लागि रु.१००।- निम्न माध्यमिक तहका लागि रु.३००।-र माध्यमिक तहका लागि रु.५००।- दस्तुर यस कार्यालयको हिमालयन बैंक प्रसौनी शाखामा रहेको आन्तरिक राजस्व खातामा बुझाएको बैंक भौचर सक्कलै संलग्न गर्नु पर्नेछ ।

३) शिक्षा शाखाले उपदफा २ बमोजिम निवेदन दिएका शिक्षकहरुको निवेदन छानबिन गरी प्राथमिक निम्न माध्यमिक र माध्यमिक तहका लागि छुट्टा छुट्टै विशेषज्ञ सूची प्रकाशित गर्नेछ ।

CamScanner

४) उपदफा ३ बमोजिम सूची प्रकाशन गर्दा निम्न माध्यमिक र माध्यमिक तहका लागि विशेषज्ञ हुने विषय समेत खुलाई प्रकाशन गर्नुपर्नेछ ।

२९. **विशेषज्ञको योग्यता:-** विशेषज्ञ हुन देहायका योग्यता हुनुपर्नेछ:-

क) सम्बन्धित तहमा स्थायी सेवा अवधि एक वर्ष पूरा भई कम्तिमा ३ वर्षको शिक्षण अनुभव भएको

ख) प्राथमिक तहका लागि स्नातक वा सो सरह र तालिम प्राप्त

ग) निम्न माध्यमिक तहका लागि सम्बन्धित विषयमा स्नातक वा सो सरह र तालिम प्राप्त

घ) माध्यमिक तहका लागि स्नात्तकोतर वा सो सरह र तालिम प्राप्त

३०. **विशेषज्ञ छनौट सम्बन्धी व्यवस्था:-**

१) कुनै विषयमा कम्तिमा ३ जना विशेषज्ञ सूचिकृत नभएमा वा सूचिकृत विशेषज्ञ उपलब्ध नभएमा बारा जिल्ला भित्रका अन्य गा.पा./न.पा./म.न.पा मा सूचिकृत विशेषज्ञ माग गरी छनौट गर्न सकिनेछ ।

२) उपदफा१ बमोजिमको विशेषज्ञ छनौट समितिले गोलाप्रथाबाट छनौट गर्नेछ ।

३) बारा जिल्ला भित्रका अन्य गा.पा./न.पा./म.न.पा. मा सूचिकृत विशेषज्ञको सूची शाखाले माग गरी अभिलेख राख्नु पर्नेछ ।

३१. **विशेष व्यवस्था:**

१) गाउँपालिकाले आवश्यकता अनुसार प्रसौनी गाउँपालिका शिक्षा ऐन २०७५ (संशोधनसहित) अनुसार वार्षिक रुपमा करारमा शिक्षक नियुक्तिका लागि विज्ञापन गर्नु पर्नेछ ।

२) यस दफा बमोजिम विज्ञापन गर्दा एक शैक्षिक सत्र भरी विद्यालयहरुमा रिक्त हुनसक्ने शिक्षक पदको अनुमान गरी विज्ञापन गर्नु पर्नेछ ।

३) तोकिएको संख्याका उम्मेदवारलाई योग्यताक्रम सूचीमा राखी नतिजा प्रकाशन गर्नु पर्नेछ ।

४) यो दफा बमोजिम योग्यताक्रम सूचीमा रहेका उम्मेदवारहरुलाई गाउँकार्यपालिकाले एक शैक्षिक सत्र भित्र विद्यालयहरुमा रिक्त हुने शिक्षक पदमा करार नियुक्ति गर्नेछ ।

५) यस दफा बमोजिम सिफारिस भएका उम्मेदवारलाई प्रधानाध्यापकले करार सम्झौता गर्नुपर्नेछ ।

## परिच्छेद - ४ आर्थिक कार्य प्रणाली

३२) परीक्षा सञ्चालनको आर्थिक कारोबारको लेखा प्रचलित नेपाल कानुन तथा स्थानीय कानुन बमोजिम राखी सोको लेखा परीक्षण प्रचलित नेपाल कानुन तथा स्थानीय कानुन बमोजिम गर्नु गराउनु पर्नेछ ।

३३) परीक्षा सञ्चालनसँग सम्बन्धित खर्च देहाय अनुसार हुनेछ:-

१) अनुसूची-१ बमोजिम दरखास्त दिंदा निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु र निवेदन सहित प्राथमिक तहका शिक्षकका लागि रु.१२००।- निम्न माध्यमिक तहका लागि रु.१६००।-र माध्यमिक तहका लागि रु.२०००।- , लेखापाल पदका लागि रु. १०००।- र का.स. पदका लागि रु. ५००।- दस्तुर यस कार्यालयको हिमालयन बैंक प्रसौनी शाखामा रहेको आन्तरिक राजस्व खातामा बुझाएको बैंक भौचर सक्कलै संलग्न गर्नु पर्नेछ ।

२) छनौट समिति तथा परीक्षा व्यवस्थापन समितिको बैठक भत्ता प्रति बैठक प्रति व्यक्ति कर समेत रु. १५००।-

३) प्रति दिनको लागि चिया खाजाखाना खर्च रु. १५००।- नबढ्ने गरी ।

४) कच्चा प्रश्नपत्र तयार गर्दा प्रति सेट कर समेत रु. २०००।-

५) मोडरेसन गरी अन्तिम प्रश्न पत्र तयार गर्दा प्रति विषय एकमुष्ठ कर समेत रु. १५००।-

CamScanner

६) परीक्षा सञ्चालनका लागि प्रति सिफ्ट - केन्द्राध्यक्षका लागि कर समेत रु. १५००।-, सहायक केन्द्राध्यक्षका लागि कर समेत रु. १०००।- निरीक्षकका लागि कर समेत रु. ५००।-, सहयोगीका लागि कर समेत रु. २५०।- र व्यवस्थापकका लागि कर समेत रु. १०००।-

७) उत्तरपुस्तिका कोडिङ्ग तथा डिकोडिङ्ग गर्दा प्रति उत्तरपुस्तिकाका लागि रु. २५।-, उत्तरपुस्तिका संख्या ५० भन्दा कम भएमा एकमुष्ठ कर समेत रु. १०००।-

८) परीक्षा सञ्चालनप्रक्रियामा संलग्न छनौट समिति तथा व्यवस्थापन उपसमितिका सदस्य तथा अनुगमन कर्ताका लागि प्रति सिफ्ट कर समेत रु. १५००।-

९) उत्तरपुस्तिका परिक्षण गर्दा विषयगत प्रति उत्तरपुस्तिका परिक्षणका लागि कर समेत रु. ५०।-, वस्तुगत उत्तरपुस्तिका परिक्षण गर्दा २० भन्दा कम भएमा एकमुष्ठ कर समेत रु. ५००।-

१०) अन्तर्वार्ता समितिका सदस्यहरुका लागि प्रति सिफ्ट भत्ता कर समेत रु. १५००।-

११) शिक्षक तथा कर्मचारी छनौटसंग सम्बन्धित खर्च सम्बन्धित विज्ञापन दरखास्तबाट प्राप्त दस्तुर शूल्कबाट अपुग भएमा बाकी खर्च गाउँपालिकाबाट व्यहोरिनेछ ।

३४. आचारसंहिता

१) परीक्षा सञ्चालनका लागि केन्द्राध्यक्ष र निरीक्षकको व्यवस्था छनौट तथा सिफारिस समितिले तोके बमोजिम हुनेछ । प्रश्नपत्र निर्माण तथा उत्तरपुस्तिका परीक्षणमा संलग्न हुने पदाधिकारीहरुले उक्त परीक्षा सञ्चालन अवधिभर परीक्षा हलमा प्रवेश गर्न पाउनेछैनन् ।

२) तोकिएको स्थानमा परीक्षाको प्रश्न निर्माण देखि परीक्षाको नतिजा सार्वजनिक नहुनजेलसम्म छनौट समितिमा संलग्न समितिका जिम्मेवार व्यक्तिहरुले मोबाइल फोन स्विच अफ गर्नुपर्नेछ र व्यवस्थापन कार्यमा संलग्न कर्मचारीले आवश्यकतानुसार मोबाइल फोन प्रयोग गर्न सकिनेछ । परीक्षार्थीले भने परीक्षा अवधिभर मोबाइल फोन, क्याल्कुलेटर लगायत सम्पूर्ण इलेक्ट्रोनिक्स ग्याजेट्स (सामग्री) परीक्षा हलमा लान पाइने छैन ।

३) परीक्षा केन्द्र भित्र प्रवेश गरिसकेपछि परीक्षामा संलग्न व्यक्तिहरुले परीक्षार्थीसँग र अन्य असम्बन्धित व्यक्तिहरुसँग व्यक्तिगत भेटघाट र सम्पर्क गर्न पाउने छैनन् ।

४) परीक्षा मर्यादित, संयमित र निष्पक्ष रुपमा सञ्चालन गर्ने गराउने मुख्य जिम्मेवारी शिक्षक छनौट तथा सिफारिस समितिको हुनेछ ।

५) परीक्षा केन्द्रको सुरक्षाको व्यवस्था मिलाउने दायित्व छनौट तथा सिफारिस समितिको हुनेछ ।

६) तोकिएको परीक्षा केन्द्रलाई चार किल्ला कायम गरी परीक्षा प्रक्रिया आरम्भ भई सकेपछि नतिजा सार्वजनिक नहुन्जेल परीक्षासँग असम्बन्धित व्यक्तिहरुलाई उक्त स्थानमा प्रवेश निषेध गरिनेछ ।

७) परीक्षार्थीले प्रयोग गर्ने उत्तरपुस्तिका र लेख्ने मसीमा एकरुपताका लागि अनिवार्य रुपमा कालो मसी नै प्रयोग गर्नु पर्नेछ र सबै परीक्षार्थीलाई सम्बन्धित विद्यालयले अनिवार्य रुपमा उत्तरपुस्तिका उपलब्ध गराउनुपर्नेछ ।

८) परीक्षामा अवाञ्छित क्रियाकलाप हुन नदिन बाह्य हस्तक्षेप र प्रभाव पर्ने कुनै गतिविधि भएमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा गाउँ शिक्षा समितिका सदस्य सचिवले तत्काल त्यसको जानकारी सामाजिक विकास समितिका संयोजक, गा.पा. प्रमुख एवंम् सुरक्षा निकायलाई जानकारी गराउनुपर्नेछ ।

९) परीक्षामा संलग्न विज्ञ, सदस्य र अधिकृतबाट अनियमित कार्य भएको प्रमाणित भएमा त्यस्तो कार्य गर्ने अधिकृत र विज्ञ सदस्यहरुलाई विज्ञको सूचिबाट हटाई विभागीय एवं नियमानुसार गाउँ कार्यपालिकाले कारवाही समेत गर्नेछ । अनियमित कार्य भएको प्रमाणित भएमा उक्त परीक्षा रद्द हुनेछ र पुनः परीक्षाको प्रक्रिया अगाडि बढाउनुपर्नेछ ।

CamScanner

३५. यस कार्यविधिमा विद्यालय व्यवस्थापन समितिको निर्णयबाट हुने भनिएको सम्पूर्ण कार्य विद्यालय व्यवस्थापन समिति नरहेको खण्डमा शिक्षक कर्मचारी बैठकबाट निर्णय भई आएमा मान्य हुनेछ । शिक्षक तथा कर्मचारी करारमा नियुक्ति सम्बन्धि अन्तिम निर्णय छनौट तथा सिफारिस समितिको हुनेछ ।

## अनुसूची-१

(प्रसौनी गाउँपालिकाको करार शिक्षक, बाल विकास केन्द्रका स.का. र विद्यालय कर्मचारी नियुक्ति गर्ने सम्बन्धी कार्यविधि - २०७७ को दफा २ को (१) सँग सम्बन्धित)

क़रार शिक्षक नियुक्तिका लागि निवेदनको ढाँचा

श्री ..................... विद्यालय

प्रसौनी गाउँपालिका

वडा ...............

मितिः- २०७....।.........।.........

विषयः- करार शिक्षक नियुक्ति सम्बन्धमा ।

श्री प्रसौनी गाउँ कार्यपालिकाको कार्यालय

प्रस्तुत विषयमा यस विद्यालयको तपसिलमा उल्लेखित विवरण सहि करार शिक्षक नियुक्तिका लागि विद्यालय व्यवस्थापन समिति \ शिक्षक कर्मचारी बैठकको मिति २०७७...../......../.... को निर्णयको प्रतिलिपि पाना ...... यसै साथ संलग्न राखी पठाएको व्यहोरा अनुरोध छ ।

### तपसिल

१. करार शिक्षक माग गरिएको तहः-

२. विषयः-

३. माग गरिएको तहको स्वीकृत दरबन्दी संख्याः-

४. माग गरिएको तहको दरबन्दी पदपूर्ति संख्या (स्थायी, करार आदीबाट)-

५. माग गरिएको विषयको स्वीकृत दरबन्दी संख्याः-

६. माग गरिएको विषय शिक्षक दरबन्दी पदपूर्ति संख्याः-

७. विद्यालयको कूल शिक्षक दरबन्दीको अवस्थाः- स्वीकृत दरबन्दी संख्याः- ...... रिक्त दरबन्दी संख्याः- ....

८. विद्यालयको तहगत विधार्थी संख्याः-

क) पूर्व प्राथमिक तहः छात्र ...... छात्रा ....... जम्मा .......

ख) कक्षा १-५ सम्मकोः- छात्र ..... छात्रा ......... जम्मा

ग) कक्षा ६-८ सम्मकोः- छात्र ....... छात्रा ....... जम्मा

घ) कक्षा ९-१० सम्मकोः- छात्र ...... छात्रा ........ जम्मा

ङ) कक्षा ११-१२ सम्मकोः- छात्र ... छात्रा ...... जम्मा

च) कूल विधार्थी संख्याः- छात्र ..... छात्रा ...... जम्मा

## अनुसूची-२

(प्रसौनी गाउँपालिकाको करार शिक्षक, बाल विकास केन्द्रका स.का. र विद्यालय कर्मचारी नियुक्ति गर्ने सम्बन्धी कार्यविधि - २०७७ को दफा ७ सँग सम्बन्धित)

### करार शिक्षक नियुक्तिका लागि दरखास्त फारमको ढाँचा

प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रसौनीबारा,
प्रदेश नं २, नेपाल

करारको लागि दरखास्त फारम

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र

विज्ञापन नं.

पदः

वैयक्तिक विवरण (क)

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्गः |
| | नागरिकता नं: | | जारी गर्ने जिल्ला : | मितिः |
| स्थायी ठेगाना | क) जिल्लाः | ख) न.पा./गा.वि.स. | | ग) वडा नः |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | | च) फो नं. |
| पत्राचार गर्ने ठेगाना : | | | | ईमेलः |
| बाबुको नाम, थर : | | | | जन्म मिति : |
| बाजेको नाम, थर : | | हालको उमेर : | वर्षः | महिनाः |

/फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता दरखास्त) तालिम/शैक्षिक योग्यता (ख)
तालिम मात्र उल्लेख गर्ने(

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

अनुभव सम्बन्धी विवरण (ग)

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन ।
कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी/ प्रचलित कानून तथा यस दरखास्त फारामका
पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा

CamScanner

पालना गर्नेछु र करारको समयभन्दा अगावै
करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

<table>
<tr><td colspan="2">उम्मेदवारको ल्याप्चे सहीछाँप</td><td rowspan="3">उम्मेदवारको दस्तखत:</td></tr>
<tr><td>दायाँ</td><td>बायाँ</td></tr>
<tr><td></td><td></td></tr>
<tr><td></td><td></td><td>मिति:</td></tr>
<tr><td colspan="3">कार्यालयले भर्ने:</td></tr>
<tr><td>रसिद/भौचर नं. :</td><td colspan="2">रोल नं. :</td></tr>
<tr><td colspan="3">दरखास्त अस्वीकृत भए सो को कारण :</td></tr>
<tr><td>दरखास्त रुजु गर्नेको नाम र दस्तखत:<br>मिति :</td><td>दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत:<br>मिति :</td><td></td></tr>
</table>

द्रष्टव्य दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले : प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (१), (२समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि (, (३( न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक
प्रमाणपत्रको प्रतिलिपि, प्राविधिक कार्य इन्जिनियरिङ्ग), स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र का लागि ( आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र को प्रतिलिपि(लाईसेन्स),
तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि, आदि ।

## अनुसूची-३

(प्रसौनी गाउँपालिकाको करार शिक्षक, बाल विकास केन्द्रका स.का. र विद्यालय कर्मचारी नियुक्ति गर्ने सम्बन्धी कार्यविधि - २०७७ को दफा ७ सँग सम्बन्धित)

**करार शिक्षक नियुक्तिका लागि प्रवेशपत्रको ढाँचा**

प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रसौनी, बारा
प्रदेश नं. २, नेपाल

**प्रवेशपत्र**

रोल नं.

पासपोर्ट साईजको फोटो

परिक्षार्थीले भर्ने:

क) नाम, थरः-

ख) पदः-

ग) तहः-

घ) उम्मेदवारको दस्तखतः-

**गाउँ कार्यपालिकाको कार्यालयले भर्ने**

यस कार्यालयबाट लिइने उक्त पदको प;रिक्षामा तपाईलाई सम्मिलित हुन अनुमति दिईएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुन सुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ ।

........................
कर्मचारीको दस्तखत

........................
कार्यालयको छाप

CamScanner

अनुसूची - ४

(प्रसौनी गाउँपालिकाको करार शिक्षक, बाल विकास केन्द्रका स.का. र विद्यालय कर्मचारी नियुक्ति गर्ने सम्बन्धी कार्यविधि - २०७७ को दफा ७ सँग सम्बन्धित)

## करार शिक्षक नियुक्तिका लागि करार सम्झौता ढाँचा

प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रसौनी, बारा
प्रदेश नं. २, नेपाल

विधालय, (यसपछि पहिलो पक्ष भनिएकोजिल्ला.................. र (, ..................नगरपालिकागाउँपालिका/, वडा नं बस्ने श्री ..... . ..... का बीच (यसपछि दोश्रो पक्ष भनिएको) ........................................................ विधालय............................................. को कामकाज गर्न गराउन मिति २०७ /......./...... को निर्णय अनुसार देहायका कार्यशर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर / : एक प्रति आपसमा बुझि लियौं दियौं/भएकाले यो करारको संझौता गरी एक

१. **कामकाज सम्बन्धमा :** दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२. **काम गर्नु पर्ने स्थान** ........................................................।

३. **करारमा काम गरे बापत पाँउने पारिश्रमिक :** प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रुपारिश्रमिक ............................................................ .अक्षरेपी रु)................. . उपलब्ध गराउनेछ ।

४. **आचरणको पालनाः** दोश्रो पक्षले **विधालय** को प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. **बिदाः** दोस्रो पक्षलाई सार्बजनिक बिदा बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । यसरी सार्वजनिक बिदाको दिनमा कार्यालयमा काम लगाए बापत मासिक करार रकमको दामासाहीले रकम दोश्रो पक्षलाई दिईनेछ ।

६. **कार्यालय सम्पत्तिको सुरक्षाः** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. **गोप्यताः** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षितपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८. **करार अवधिः** यो करार २०७.....देखि भईलागु.........।........ २०७ ... सम्मको लागि हुनेछ ।

९. **कार्यसम्पादन मूल्यांकनः** पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा ९ बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

CamScanner

१०. पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा वढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन । दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

११. दावी नपुग्नेः दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाँउने छैन।

१२. प्रचलित कानून लागू हुनेः यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

<u>विधालय तर्फबाट :</u>

हस्ताक्षर :

नाम :

पद :

कार्यालयको छापः

<u>दोस्रो पक्ष :(गर्ने व्यक्ति करार)</u>

हस्ताक्षर :

नाम :

ठेगाना :

अनुसूची -५

(प्रसौनी गाउँपालिकाको करार शिक्षक, बाल विकास केन्द्रका स.का. र विद्यालय कर्मचारी नियुक्ति गर्ने सम्वन्धी कार्यविधि - २०७७ को दफा ७ सँग सम्बन्धित)

CamScanner

करार शिक्षक नियुक्तिका लागि नियुक्तिको ढाँचा

प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रसौनी, बारा
प्रदेश नं. २, नेपाल

च.नं.
प.सं.

मितिः

श्री ......................................,

ठेगाना ..........................

विषयः करार नियुक्ति सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस प्रसौनी गाउँपालिकाको करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्वन्धी कार्यविधि २०७७ बमोजिम गठित पदपूर्ति समितिको मिति .............................. को निर्णयानुसार ............................. पदमा सेवा करारमा सिफारिस गरिएकोमा तपाईलाई आजैका मिति देखि लागु हुने गरी श्री ..................................... विधालयमा रिक्त रहेको .................................. पदमा करार नियुक्ति गरिएको छ ।
आफ्नो पद अनुसारको जिम्मेवारी कर्तव्यनिष्ठ भई ईमान्दारीपूर्वक बहन गर्नुहुनेछ भने अपेक्षा गरिन्छ । साथै आफ्नो काम कर्तव्य पालना गर्दा शिक्षकले पालना गर्नुपर्ने आचारसंहिता र आचरणको समेत परिपालना गर्नुहुन जानकारी गराईन्छ ।

......................
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री आर्थिक प्रशासन शाखा, प्रसौनी गाउँपालिका
श्री विधालय प्रशासन, श्री ................................. विधालयः (निजलाई हाजिर गराई सोको जानकारी प्रसौनी गाउँपालिकाको शिक्षा शाखामा पठाउनुहुन । साथै आगामी अवधीका लागि म्याद थप तथा करार नविकरणको जिम्मेवारी विधालय स्वयमको हुनेछ ।)